**प्रश्न नं. ३०**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ३५३८ देखि ३६५९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

विष्णुकुमारी दजीको जाहेरीले नेपाल सरकार

विरुद्ध

वाग्लुङ जिल्ला वाग्लुङ न.पा. वडा नं. ३ वस्ने मिनबहादुर दर्जी

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिनबहादुर दर्जीले छविलाल दर्जीलाई मिति २०७६।८।४ गते राति घरको पिंढीमा सुतिराखेको वखत लात्ती र मुक्काले शरीरका विभिन्न भागमा हिर्काई घाइते बनाएकोमा औषधी उपचार गराउँदै गरेको वखत मिति २०७६।८।७ गते निज छविलाल दजीको मृत्यु भएको भन्ने समेत व्यहोराको विष्णु कुमारी दर्जीको जाहेरी दरखास्त ।
२. छविलाल दजीलाई कुटपिट गरेको भन्ने खवर पाई के भएको रहेछ भनी छविलाल दर्जीको घरमा गई निजलाई बुझ्दा हिजो राति मीनबहादुर दजीले अंश सम्बन्धी विषयमा निहुँ झिकेर मलाई कुटपिट गरेकाले शरीर दुखी रहेको छ । श्वास फेर्न अप्ठ्यारो भएको छ । मलाई बचाउ, मेरो औषधी उपचार गराई देउ भनी छविलाल दर्जीले भेला जम्मा भएको मानिसलाई भनेपछि मिनबहादुर दर्जी समेतलाई सोधपुछ गर्दा छविलाल दर्जीलाई मैले कुटपिट गरेको हो, अर्को दिनपनि छविलाल दर्जीलाई मारीदिन्छु भनी धाक धम्की दिएको थियो । अंश सम्बन्धी निहुँ खोजी छविलाल दर्जीलाई मिनबहादुर दर्जीले लात्ती मुक्काले प्रहार गरी घाइते बनाई सोही चोट पटकका कारणले छविलाल दजीको मृत्यु भएकोमा पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको मौकामा घटना विवरण कागज गर्ने शेरबहादुर दजी, चन्द्रबहादुर भण्डारी, टिका परियार, जितबहादुर मल्ल, शुलबहादुर दर्जी, मीनबहादुर दर्जी, कर्णबहादुर दर्जी लेखाइदिएको छुट्टा छुट्टै व्यहोरा ।
३. मादक पदार्थ सेवन गरेको वखतमा जग्गा सम्बन्धी अंशको कुरा गर्ने बिचार उठी छविलालसँग मेरो भागमा जग्गा जमिन कम परेको छ दिनुपर्छ भनी भन्दा निजले मलाई लौरो र हँसियाले प्रहार गरेकाले लौरो र हँसियां मैले निजको हातबाट खोसी फाली दिएँ । अंश माग्दा मलाई पिट्न खोजेकोले मलाई पनि रिस उठी बाजेको निधारमा तथा कोखामा समेत मुक्का प्रहार गर्दा बाजे ढल्न गएको हो, बाजे छविलाल दजीलाई मैले नै कुटपिट गरेको हो भन्ने समेत व्यहोराको अभियुक्त मीनबहादुर दजीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।
४. घ्यार घ्यारको आवाज सुनेपछि निन्द्राबाट उठी आमा बाजेलाई के भयो उठ्नुहोस भनी कराई आमा समेत उठी हेर्दा छविलाल दजीलाई मीनबहादुर दजीले कुटपिट गर्दै गरेको देखेको हुँ, मीनबहादुर दर्जीले कुटपिट गरेको चोट पटकको कारणबाट छविलाल दर्जीको मृत्यु भएकोमा पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको चश्मदीद गवाह बिना दर्जीले गरिदिएको कागज ।
५. मिनबहादुर दर्जीले छविलाल दर्जीलाई कुटपिट गरेकोमा सोही चोटपटकको कारण छविलाल दजीको मृत्यु भएकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको मैकामा बुझिएका जुने दजी, कृष्ण दजी,

**प्रश्न नं. ३०**

टेकबहादुर खड्का, सिलागे दर्जी समेतका व्यक्तिहरुले गरिदिएको एकै मिलानको घटना विवरण कागज ।

६. मृत्युको कारणमा undetermined भन्ने उल्लेख गरी प्राप्त भएको जिल्ला स्वास्थ्य कार्यालय वाग्लुङका मेडिकल अधिकृतले गरेको पोष्ट मार्टम रिपोर्ट ।

७. अभियुक्त मिनबहादुरले मृतक छविलालको ज्यान लिने उद्देश्यबाट रक्सी खाई मारौं भन्ने नियतले कुटपिट गरेको र कुटपिट गरेको ३ दिनभित्र अनवरत रुपमा थलापरी उपचार गर्दागर्दै कुटपिटका चोटपिरले उठ्न नसकी मिति २०७६।८।७ गते राती मृत्यु भएकोले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७(१) को कसूरमा ऐ ऐ को दफा १७७(२) बमोजिम सजायँ गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

८. प्रतिवादीको अदालतमा इन्कारी बयान

९. साक्षीहरुको बकपत्र

८. वाग्लुङ जिल्ला अदालतकको फैसला ।

९. उच्च अदालत पोखरा वाग्लुङ इजलासमा पेश भएको पुनरावेदनपत्र